# आधिकारीक ट्रेड यूनियन निर्वाचन निर्देशिका, २०५२

ट्रेड यूनियन नियमावली, २०५० को नियम १२ उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी पंजिकाधिकारीले श्री ५ को सरकारको स्वीकृति लिई सोही नियमावलीको नियम १० को प्रयोजनको लागि यो निर्देशिका वनाएको छ ।

## परिच्छेद - १

**प्रारम्भिक**

१. नाम विस्तार र प्रारम्भः

(१) यस निर्देशिकाको नाम " आधिकारिक ट्रेड यूनियन निर्वाचन निर्देशिका २०५२" रहेको छ ।

(२) यो निर्देशिका आधिकारिक ट्रेड यूनियनको निर्वाचनको लागि नेपाल अधिराज्यका सबै प्रतिष्ठानहरुमा लागू हुनेछ ।

(३) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) "निर्वाचन" भन्नाले ट्रेड यूनियन ऐन, २०४९ को दफा ११ को उपदफा (१) को प्रयोजनको लागि ट्रेड यूनियन नियमावली २०५० को नियम १० वमोजिम हुने आधिकारिक ट्रेड यूनियनको निर्वाचन सम्झनु पर्छ ।

ख) "प्रतिष्ठान" भन्नाले श्रम ऐन, २०४८ को दफा २ को खण्ड (ख) बमोजिमको प्रतिष्ठान सम्झनु पर्दछ ।

(ग) "प्रतिष्ठानस्तरको ट्रेड यूनियन" भन्नाले ट्रेड यूनियन ऐन, २०४९ को दफा ३ बमोजिम दर्ता भएको प्रतिष्ठानस्तरको ट्रेड यूनियन सम्झनु पर्छ ।

(घ) "आधिकारिक ट्रेड यूनियन" भन्नाले कामदारहरुको हक हितको संरक्षण गर्नको लागि प्रतिष्ठानको व्यवस्थापक सित सामूहिक सौदावाजी गर्न ट्रेड यूनियन ऐन, २०४९ को दफा ११ बमोजिम मान्यता प्राप्त गरेको प्रतिष्ठानस्तरको ट्रेड यूनियन सम्झनु पर्छ ।

(ङ) "कामदार" भन्नाले ट्रेड यूनियन ऐन, २०४९ को दफा २ को खण्ड (ख) बमोजिमको कामदार सम्झनु पर्छ ।

(च) “मतदाता” भन्नाले दफा ६ बमोजिमको मतदाता सम्झनु पर्छ ।

(छ) “उम्मेदवार” भन्नाले आधिकारिक ट्रेड यूनियनको निर्वाचनको लागि उम्मेद्धारी पत्र दाखिला गर्ने प्रतिष्ठानस्तरको ट्रेड यूनियन सम्झनु पर्छ ।

(ज) “उम्मेद्धारीपत्र ” भन्नाले दफा १३ बमोजिमको उम्मेद्धारी पत्र सम्झनु पर्छ ।

(झ) “पंजिकाधिकारी” भन्नाले ट्रेड यूनियन ऐन, २०४९ को दफा १४ बमोजिम नियुक्त पंजिकाधिकारी सम्झनु पर्छ र सो शव्दले पंजिकाधिकारीको अधिकार प्रयोग गर्न पाउने गरी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीलाई समेत जनाउँछ ।

(ञ) “निर्वाचन” अधिकृत भन्नाले दफा ३ बमोजिमको निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शव्दले दफा ४ बमोजिम नियुक्त सहायक निर्वाचन अधिकृतलाई समेत जनाउंछ ।

## परिच्छेद -२

निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृत

**३. निर्वाचन अधिकृत :**

१) आधिकारिक ट्रेड यूनियनको निर्वाचन गराउने प्रयोजनको लागि पंजिकाधिकारीले आवश्यकतानुसार निर्वाचन अधिकृत तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका निर्वाचन अधिकृतहरुको आफूलाई निर्वाचन गराउनको निमित्त तोकिएका प्रतिष्ठानमा निर्वाचन गराउने छन् ।

(३) निर्वाचन अधिकृतले निर्वाचन सुव्यवस्थित ढङ्गवाट सम्पन्न गराउने प्रयोजनको निमित्त दफा ४ का अधीनमा रही आवश्यकतानुसार सहायक निर्वाचन अधिकृतहरु नियुक्त गरी निर्वाचन गराउन सक्नेछ ।

**४. सहायक निर्वाचन अधिकृत :**

(१) निर्वाचन अधिकृतले प्रकृति एंव विस्तारको दृष्टिबाट बृहद रुपमा रहेका प्रतिष्ठानका लागि एकै ठाउमा मतदान केन्द्र राखी निर्वाचन गराउन सम्भव नहुने देखेमा आवश्यक सख्यामा मतदान केन्द्रहरुमा निर्वाचन गराउने प्रयोजनको निमित्त आवश्यकतानुसार वेग्ला वेग्लै सहायक निर्वाचन अधिकृतहरु नियुक्त गर्न सक्नेछ ।

(२) दफा (१) बमोजिम नियुक्त सहायक निर्वाचन अधिकृतहरुले आफूलाई तोकिएको मतदान केन्द्रमा निर्वाचन गराउदा निर्वाचन अधिकृतको निर्देशनमा रही यस निर्देशिका बमोजिम निर्वाचन अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकारहरु प्रयोग गर्नेछन् ।

**५. निर्वाचन सम्वन्धी कामको निमित्त उत्तरदायी हुनुपर्ने**

निर्वाचन सम्वन्धी सम्पूर्ण कामको निमित्त निर्वाचन अधिकृत पंजिकाधिकारीप्रति, सहायक निर्वाचन अधिकृत पंजिकाधिकारी तथा निर्वाचन अधिकृतप्रति र निर्वाचन कार्यमा संलग्न अन्य कर्मचारीहरु पंजिकाधिकारी, निर्वाचन अधिकृत तथा सहायक निर्वाचन अधिकृतप्रति उत्तरदायी हुनेछन् ।

## परिच्छेद -३

## मतदाता र मतदाता नामावली

**६. मतदाताः**

दफा ८ बमोजिम मतदाता नामावली प्रकाशन भएको मिति सम्ममा प्रतिष्ठानको कार्यमा संलग्न भएको अवधि साठ्ठी दिन पूरा भएका कामदारहरु सो प्रतिष्ठानको आधिकारिक ट्रेड यूनियनको निर्वाचनको लागि मतदाता हुने छन् ।

**७. मतदाता नामावलीः**

प्रतिष्ठानले दफा ६ बमोजिमका मतदाताहरुको नाम समावेश गरी मतदाता नामावली तयार गर्नेछ । यसरी तयार गरेको मतदाता नामावली निर्वाचन कार्यक्रम प्रकाशित हुनु अगावै प्रतिष्ठानले निर्वाचन अधिकृतलाई उपलव्ध गराउनु पर्ने छ ।

**८. मतदाता नामावली प्रकाशित गर्ने :**

१. निर्वाचन अधिकृतले दफा ७ बमोजिमको मतदाता नामावली प्रकाशित गरी सो कुराको सूचना प्रतिष्ठानमा सबैले देख्ने ठाँउमा टाँस्नु पर्नेछ । यसरी प्रकाशित गरको मतदाता नामावलीको एक प्रति निर्वाचन अधिकृतले पंजिकाधिकारी समक्ष जानकारीको लागि पठाउनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा मतदाता नामावलीमा नाम छुट भएमा समावेश गर्न वा गैर मतदाताको नाम समावेश भएकोमा हटाउन वा नाम विवरण गलत रुपमा प्रकाशित

भएकोमा सच्याउनको लागि सो सूचना प्रकाशित भएको मितिले तीन दिन भित्र निर्वाचन अधिकृत समक्ष निवेदन दिन सकिने व्यहोरा समेत स्पष्ट गर्नुपर्ने छ ।

**९. नाम थप गर्ने, हटाउने वा सच्याउनेः**

(१) दफा ८ को उपदफा (२) बमोजिम मतदाता नामावलीमा नाम थप गर्ने, हटाउने वा सच्याउने प्रयोजनको लागि सम्वन्धित कादार वा प्रतिष्ठानस्तरको ट्रेड यूनियनले निर्वाचन अधिकृत समक्ष आवश्यक प्रमाणहरु संलग्न राखी निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर निर्वाचन अधिकृतले आवश्यक जांच बुझ गरी निवेदन दिने म्याद समाप्त भएको मितिले दुई दिन भित्र नाम थप गर्ने, हटाउने वा सच्याउने गरी निर्णय गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निर्णय अनुसार निर्वाचन अधिकृतले मतदाता नामावलीमा नाम थप गर्ने, हटाउने वा सच्याउने व्यहोराको सूचना प्रतिष्ठानमा सबैले देख्ने ठांउमा टांसी सो उपर दावी विरोध गर्न सो सूचना प्रकाशित भएको मितिले दुई दिन भित्र दावी विरोधको निमित्त निर्वाचन अधिकृत समक्ष निवेदन दिन सकिने कुरा समेत उक्त सूचनामा उल्लेख गर्नु पर्नेछ ।

**१०. अन्तिम मतदाता नामावली प्रकाशन गर्ने :**

दफा ९ बमोजिम मतदाता नामावलीमा नाम थप गर्ने, हटाउने वा सच्याउने गरी भएको निर्णय सम्वन्धी सूचना उपर दावी विरोधको निवेदन परेमा निर्वाचन अधिकृतले सो उपर छानवीन गरी वा दावी विरोधको निवेदन नपरेमा पनि अन्तिम मतदाता नामावली प्रकाशित गर्ने निर्णय गरी सो कुराको सूचना प्रतिष्ठानमा सबैले देख्ने ठांउमा टास्नु पर्ने छ । त्यस्तो निर्णय दावी विरोधको निमित्त निवेदन दिने म्याद समाप्त भएको मितिले दुई दिन भित्र गरी सक्नु पर्नेछ ।

**११. निर्वाचनको सूचना :**

पंजिकाधिकारीले निर्वाचनको लागि मतदान हुने मिति र समय तोकी निर्वाचनको सूचना जारी गर्नेछ ।

पंजिकाधिकारीले त्यसरी जारी गरेको सूचनाको जानकारी सम्बन्धित प्रतिष्ठानस्तरको ट्रेड यूनियन र सो प्रतिष्ठानको व्यवस्थापकलाई तुरुन्त दिनु पर्नेछ ।

तर निर्वाचनको लागि तोकिएको मतदानको मिति भन्दा तीस दिन अगावै यस्तो निर्वाचनको सूचना जारी गरी सक्नु पर्नेछ ।

**१२. निर्वाचन कार्यक्रमको सूचना :**

(१) दफा ११ बमोजिम निर्वाचनको सूचना प्रकाशित भए पछि निर्वाचन अधिकृतले पंजिकाधिकारीले दिएको कार्यक्रम अनुसार देहाय बमोजिम क्रमबद्ध रुपमा मिति, समय र स्थान समेत उल्लेख गरी निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गर्नुपर्नेछ ।

(क) प्रतिष्ठानस्तरको ट्रेड यूनियनको तर्फवाट उम्मेदवारीपत्र दर्ता गर्ने ।

(ख) उम्मेदवारीपत्र दर्ता गर्ने प्रतिष्ठानस्तरको ट्रेड यूनियनको सूची प्रकाशित गर्ने ।

(ग) उम्मेदवारीपत्रमा विरोध गरी उजूर गर्ने ।

(घ) उम्मेदवारीपत्रको जांचबुझ गर्ने ।

(ङ.) उम्मेदवारीपत्र स्वीकृत हुने उम्मेदवारहरुको नामावलीको सूची प्रकाशित गर्ने ।

(च) उम्मेदवार हुनवाट नाम फिताृ लिने ।

(छ) उम्मेदवारहरुको अन्तिम नामावलीको सूची प्रकाशित गर्ने ।

(ज) उम्मेदवारहरुलाई निर्वाचन चिन्ह वितरण गर्ने (२) उपदफा (१) बमोजिम निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गर्दा उम्मेदवारीपत्र दाखिला गर्ने, त्यसमा विरोध गर्ने, त्यसको जांच गर्ने, उम्मेदवारको सूची प्रकाशित गर्ने, नाम फिर्ता लिने समेत कार्यको लागि आवश्यक पर्ने समयको समेत विचार राख्नु पर्नेछ ।

तर एउटा मात्र मतदान केन्द्र भएको प्रतिष्ठानहरुमा निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गर्दा उम्मेदवारीपत्रको दर्ता गर्ने समय देखि मतदान हुने दिन वीचको समयको अन्तर साधारणतया सात दिनको हुनेछ ।

## परिच्छेद -४

## उम्मेदवारीपत्र

**१३. उम्मेदवारीपत्र :**

प्रतिष्ठानस्तरको ट्रेड यूनियनको कुनै दुईजना पदाधिकारीहरुले हस्तारक्षर गरी आधिकारिक ट्रेड यूनियनको लागि अनुसूची -१ बमोजिमको उम्मेदवारीपत्र निर्वाचन अधिकृत समक्ष दाखिल गर्नु पर्नेछ ।

तर दफा १२ को उपदफा (१) को खण्ड (क) बमोजिम उम्मेदवारीपत्र दर्ता गर्नको निमित्त निर्धारित समय भित्र ट्रेड यूनियन ऐन २०४९ को दफा ३ बमोजिम दर्ताको पमाणपत्र प्राप्त नगरेका प्रतिष्ठानस्तरको ट्रेड यूनियनहरुले उम्मेदवारीपत्र दाखिल गर्न सक्ने छैनन् ।

**१४. निर्वारोध निर्वाचन र तयसको घोषणा :**

(१) देहायका अवस्थामा आधिकारिक ट्रेड यूनियनको लागि प्रतिष्ठानस्तरको ट्रेड यूनियनको निर्विरोध निर्वाचन हुनेछ :

(क) कुनै प्रतिष्ठानमा कुनै एक मात्र उम्मेदवारीपत्र दर्ता भई सो उम्मेदवारीपत्र रीतपूर्वकको भएमा,

(ख) कुनै प्रतिष्ठानमा एक भन्दा वढी उम्मेदवारीपत्र जांच गर्दा कुनै एक उम्मेदवारीपत्र मात्र रीतपूर्वकको भएमा,

(ग) उम्मेदवारीपत्र दर्ता गर्ने प्रतिष्ठानस्तरका ट्रेड यूनियनले कुनै एक मात्र प्रतिष्ठानस्तरको ट्रेड यूनियनको उम्मेदवारी कायम रहेमा ।

(२) उपदफा (१) बमोजिम आधिकारीक ट्रेड यूनियनको लागि कुनै प्रतिष्ठानस्तरको ट्रेड यूनियनको निर्विरोध निर्वाचन हुने भएमा निर्वाचन अधिकृतले त्यस्तो ट्रेड यूनियन निर्विरोध निर्वाचन भएको घोषणा गरी त्यसको सूचना पंजिकाधिकारी, सम्बन्धित व्यवस्थापक तथा ट्रेड यूनियनलाई दिई सो सूचना कामदारहरुको जानकारीको लागि प्रतिष्ठानमा सबैले देख्ने ठांउमा टास्नु पर्नेछ ।

**१५. निर्वाचन चिन्ह प्रदान गर्ने :**

(१) निर्वाचन अधिकृतले प्रतिष्ठानस्तरको ट्रेड यूनियनको नाम समावेश भएको उम्मेदवारहरुको अन्तिम नामावलीको सूची प्रकाशित गरे पछि सो सूचीमा एक भन्दा वढी उम्मेदवार कायम रहेको अवस्थामा प्रत्येक उम्मेदवारलाई बेग्लावेग्लै निर्वाचन चिन्ह प्रदान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन चिन्ह प्रदान गर्दा आ-आफ्ना प्रतिष्ठानस्तरको ट्रेड यूनियनको झण्डा वा लोगोलाई निर्वाचन चिन्हको रुपमा प्रयोग गर्न पाउने गरी निर्वाचन चिन्ह प्रदान गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम निर्वाचन चिन्ह प्रदान गर्ने कार्य समाप्त भए पछि निर्वाचन अधिकृतले सो कुराको सूचना प्रतिष्ठानमा सबैले देख्ने ठांउमा टांसी प्रकाशित गर्नु पर्नेछ ।

## परिच्छेद -५

## मतदान सम्बन्धी व्यवस्था

**१६ मतदान केन्द्रः**

(१) निर्वाचन अधिकृतले प्रतिष्ठान भित्र कुनै उपयुक्त स्थानमा मतदान केन्द्र तोकी सो को सूचना प्रतिष्ठानमा सबैले देख्ने ठांउमा टास्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको तोकिएको मतदान केन्द्रमा भीड नहुने व्यवस्था गर्न मतदान केन्द्रको हाता तोक्नु पर्नेछ । त्यसरी तोकिएको हाता भित्र दफा २१ मा उल्लेखित व्यक्तिहरु वाहेक अन्य व्यक्तिहरु प्रवेश गर्न पाउने छैनन् ।

**१७. मतपत्र :**

निर्वाचनको लागि मतपत्रको ढांचा अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ ।

यसरी निर्वाचनको लागि गरिने मतपत्रमा प्रत्येक उम्मेदवारको निर्वाचन चिन्ह समेत रहनेछ ।

**१८. मतपेटिका :**

निर्वाचन अधिकृतले आवश्यकतानुसार मतपेटिकाको व्यवस्था गर्नेछ ।

**१९. रित्तो मत पेटिका बन्द गर्ने :**

निर्वाचन अधिकृतले दफा १८ बमोजिमको मतपेटिका रित्तो बनाई उम्मेदवारका उपस्थित प्रतिनिधिहरुलाई सहि छाप गराई उक्त मतपेटिका सिलबन्दी गर्नुपर्नेछ ।

**२०. मतपत्रमा सही गर्ने :**

मतपत्रहरु निर्वाचन अधिकृतले सही गरी मतदानको लागि दिनु पर्नेछ ।

**२१ मतदान केन्द्रमा प्रवेश गर्ने अनुमतिः**

निर्वाचन अधिकृतले देहायका व्यक्तिहरु वाहेक अन्य व्यक्तिहरुलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति नदिन सक्नेछ :

(क) मतदाताहरु,

(ख) उम्मेदवारका एक जना प्रतिनिधि,

(ग) सम्बधित पंजिकाधिकारीबाट अनुमति पाएका व्यक्तिहरु,

(घ) निर्वाचन वा मतदान कार्यको लागि निर्वाचन अधिकृतको सहयोग गर्न खटिएका कर्मचारीहरु ।

**२२. मतदान प्रारम्भ गर्ने :**

निर्वाचन अधिकृतले प्रकाशित कार्यक्रम अनुसार तोकिएको समयमा मतदान प्रारम्भ गर्नु पर्नेछ ।

**२३. मतदानको नाम जांची मतपत्र प्रदान गर्ने :**

मतदान गर्न मतदान केन्द्रमा उपस्थित मतदानको नाम जांच गरी विवरण मिलेमा निजको नाममा चिन्ह (   ) लगाई मतपत्र प्रदान गरिनेछ । निर्वाचन अधिकृतले आवश्यक ठानेमा निज मतदातासंग परिचय माग गर्न सक्नेछ ।

**२४. मत संकेत :**

मतदातालाई उपलव्ध गराएको मतपत्रमा स्वस्तिक चिन्हको छाप लगाई संकेत गर्नु पर्नेछ ।

**२५. मतदान केन्द्रको सुरक्षाः**

निर्वाचन अधिकृतले मतदान शुरु भएदेखि मत गणना नसकिदा सम्म मतदान केन्द्रको हाताभित्र आवश्यकता अनुसार स्थानीय प्रशासन र प्रहरीको सहयोग लिई सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

**२६. मतपेटिका बन्द गर्ने :**

मतदान सकिए पछि मत पेटिका अन्यत्र लैजान परेमा वा अन्य कारणद्धारा तुरुन्त गणना गर्न नसकेमा निर्वाचन अधिकृतले उपस्थित उम्मेदवारका प्रतिनिधिहरुको सहीछाप गराई मत पेटिका बन्द गर्नु पर्नेछ ।

**२७. असाधारण स्थितिमा मतदान स्थगित गर्न सकिने :**

(१) मतदान केन्द्रमा हिंसात्मक हुलदंगा वा उपद्रव वा प्राकृतिक प्रकोप वा काबु बाहिरको अन्य कुनै कारण परी मतदान हुन नसक्ने भएमा निर्वाचन अधिकृतले कुनै पनि समयमा मतदान स्थगित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगित भएमा निर्वाचन अधिकृतले यथासक्य चांडो पुनः मतदान हुने समय र स्थान समेत तोकी सूचना प्रकाशित गर्नु पर्नेछ र सो को जानकारी पंजिकाधिकारीलाई दिनुपर्नेछ ।

२८. मत गणना शुरु गर्नेः

(१) मतदान कार्य सकिएपछि यथासक्य चाडो निर्वाचन अधिकृतले मत गणना गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम मत गणना गर्दा उम्मेदवारको उपस्थित प्रतिनिधिहरुको रोहवरमा गर्नु पर्नेछ ।

२९. मत गणना लगातार गर्ने :

(१) निर्वाचन अधिकृतले मतगणना कार्य शुरु गरी सके पछि मतगणना नसकिउन्जेल लगातार गरिरहनुपर्नेछ ।

(२) मतगणना गर्दा गर्दै हिंसात्मक वा उपद्रव वा प्राकृतिक प्रकोप वा कावु वाहिरको अन्य कुनै कुनै कारण परी मत गणना कार्य बीचैमा रोक्नु पर्ने भएमा निर्वाचन अधिकृतले सो कार्य स्थगित गर्न सक्नेछ । यसरी स्थगित भएको मतगणना कार्य यथाशक्य चांडो शुरु गर्नु पर्नेछ र सो कुराको जानकारी पंजिकाधिकारीलाई दिपर्नेछ ।

**३०. बदर मतपत्रः**

मतगणना गर्दा देहाय बमोजिमका मतपत्रहरु बदर हुनेछन् :

(क) सम्बन्धित निर्वाचन अधिकृतको सही नभएको,

(ख) तोकिएको भन्दा बाहेक चिन्हद्धारा मत संकेत गरेको,

(ग) मतपत्र नबुझिने गरी पोतिएको,

(घ) उम्मेदवारको निर्वाचन चिन्हको निमित्त तोकिएको कोठा बाहेक अन्यत्र मत संकेत गरेको,

(ङ.) एक भन्दा बढी उम्मेदवारहरुको निर्वाचन चिन्ह भएको कोठामा मत संकेत गरेको,

(च) तोकिएको भन्दा बेग्ले मतपत्र प्रयोग भएको ।

**३१. मत बरावर भएमा गर्नेः**

मतगणना हुँदा उम्मेदवारहरु बीच मत बराबर भएमा उपस्थित प्रतिनिधिहरुको सहिछाप गराई निर्वाचन अधिकृतले बराबर मत पाउने उम्मेदवारहरु बीच गोला हाली निर्णय गर्नु पर्नेछ ।

**३२. मत गणना समाप्तिको मुचुल्का गर्ने :**

मत गणनाको काम समाप्त भएपछि निर्वाचन परिणाममा दफा २८ को उपदफा (२) बमोजिमका प्रतिनिधिहरुको सहिछाप गराउनु पर्नेछ ।

तर कुनै उम्मेदवारको प्रतिनिधिले सहीछाप गर्न इन्कार गरेमा सो कुरा उल्लेख गरी निर्वाचन अधिकृतले सहिछाप गर्नु पर्नेछ ।

**३३. निर्वाचनको परिणाम र त्यसको घोषणा :**

(१) एक मात्र मतदान केन्द्र रहेको प्रतिष्ठानको मतगणनाको कार्य सकिए पछि निर्वाचन अधिकृतले निर्वाचन परिणामको घोषणा तुरुन्त गर्नुपर्नेछ ।

(२) एक भन्दा वढी मतदान केन्द्र राखी कुनै प्रतिष्ठानको निर्वाचन गराउनु परेको अवस्थामा सहायक निर्वाचन अधिकृतहरुले आफूलाई तोकिएको मतदान केन्द्रको मतदान कार्य सम्पन्न गरी मतगणनाको कार्य समाप्त गरेपछि त्यसको परिणाम तुरुन्त निर्वाचन अधिकृत समक्ष पेश गर्नु

पर्नेछ  र यसरी सबै मतदान केन्द्रहरुवाट मतगणनाको परिणाम प्राप्त भए पछि निर्वाचन अधिकृतले सबै मतदान केन्द्रहरुबाट प्राप्त हुन आएको मतगणनाको परिणामहरुलाई समायोजन गरी निर्वाचन परिणामको घोषणा तुरुन्त गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निर्वाचन अधिकृतले निर्वाचन परिणामको घोषणाको सूचना प्रतिष्ठानमा सबैले देख्ने ठांउमा टांसी सो कुराको जानकारी पंजिकाधिकारी, प्रतिष्ठानको व्यवस्थापक र निर्वाचित  प्रतिष्ठानस्तरको ट्रेड यूनियनलाई दिनु पर्नेछ ।

**३४. मतदान र मत गणना सम्वन्धमा विवाद :**

मतदान र मतगणना गर्दाको अवस्थामा तत्सम्वन्धी कुनै किसिमको विवाद भएमा निर्वाचन अधिकृतले दिएको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद -७

## विविध

**३५. निर्वाचन सहयोग समिति :**

(१) प्रतिष्ठानमा निर्वाचन सम्वन्धी काममा निर्वाचन अधिकृतलाई आवश्यक सहयोग पुऱ्याउनको निमित्त पंजिकाधिकारीले आवश्यकतानुसार देहायबमोजिमका सदस्यहरु रहेका निर्वाचन सहयोग समिति गठन गर्नेछ ।

(क) निर्वाचन अधिकृत - संयोजक

(ख) प्रतिनिधि, प्रतिष्ठान व्यवस्थान - सदस्य

(ग) प्रत्येक प्रतिष्ठानस्तरको ट्रेड यूनियनका प्रतिनिधि एक एक जना - सदस्य

(२) उपदफा (१) बमोजिम गठित निर्वाचन सहयोग समितिका सदस्यहरुले निर्वाचन अधिकृतलाई निर्वाचन समवन्धी सम्पूर्ण काममा आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ ।

**३६. अख्तियारनामा दिई प्रतिनिधि नियुक्त गर्न सक्ने :**

निर्वाचनमा प्रतिष्ठानस्तरको ट्रेड यूनियनको तर्फवाट उम्मेदवारीपत्र दाखिल गर्न मतदान प्रतिनिधि नियुक्त गर्न तथा निर्वाचन सम्वन्धी अन्य कार्यको लागि प्रतिनिधि नियुक्त गर्दा अनुसूची -३ बमोजिमको ढांचामा अख्तियारनामा दिई निर्वाचन अधिकृत समक्ष पठाउनु पर्नेछ ।

## ३७. कागजातहरु गोप्य राख्ने :

(१) निर्वाचन अधिकृतले निर्वाचनसंग सम्वन्धित सम्पूर्ण कागजातहरु शिलवन्दी गरी पंजिकाधिकारी कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएका कागजातहरु मुद्दा नपरेको अवस्थामा ९० दिनपछि धुलाईनेछ ।

## ३८. खारेजी र बचाउः

(१) ट्रेड यूनियन निर्वाचन निर्देशिका, २०५२ खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको निर्देशिका बमोजिम भएका सम्पूर्ण काम कार्यवाहीहरु यसै निर्देशिका बमोजिम भएको गरिएको मानिनेछ ।

## अनुसूची -१

### (दफा १३ संग सम्बन्धित)

श्री निर्वाचन अधिकृतज्यू

..................प्रतिष्ठान

महोदय,

.........प्रतिष्ठानको आधिकारीक ट्रेड यूनियनको मान्यताको लागि................तर्फबाट निर्वाचनमा उम्मेदवारीपत्र दिन हामीलाई अख्तियार गरेको हुँनाले यो उम्मेदवारीपत्र दाखिला गरेको छौ ।

भवदीय,

(१)...................

(२)....................

प्रतिष्ठानस्तर ट्रेड यूनियनको तर्फबाट

# अनुसूची -२

## (दफा १७ संग सम्वन्धित)

## मत-पत्र

| क.स. | उमेदवारको नाम | निर्वाचन चिन्ह | मत संकेत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

........................

निर्वाचन अधिकृत / सहायक निर्वाचन अधिकृत

**अनुसूची -३**

**(दफा ३६ संग सम्वन्धित)**

विषयः अख्तियारनामा दिएको ।

श्री निर्वाचन अधिकृतज्यू,

………………प्रतिष्ठान

…………………प्रतिष्ठानमा हुन गइरहेको प्रतिष्ठानस्तरको ट्रेड यूनियनको निर्वाचनमा ट्रेड यूनियनको तर्फबाट उम्मेदवारी दाखिला गर्ने, मतदान प्रतिनिधि नियुक्त गर्ने तथा निर्वाचन सम्वन्धी अन्य कार्यको लागि यस ट्रेड यूनियनका कार्यकारी समितिका समस्यद्धय श्री………………………………………र श्री……………………………लाई यो अख्तियारनामा लेखी दिइएको छ ।

सचिव

अध्यक्ष

………………………………ट्रेड यूनियन………………………………ट्रेड यूनियन

………………………………प्रतिष्ठान…………………………………प्रतिष्ठान